राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com



विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४



वर्ष ७ अंक २६५ २०८३ वैशाख १६ गते बुधवार (29 May. 2026) पृष्ठ ४ मूल्य रु. ३।-


## धनुषा सहित देशका विभिन्न स्थानमा तीव्र हावाहुरी र वर्षाको चेतावनी



दैनिक समाचारदाता
जनकपुरधाम, १५ वैशाख । जल तथा मौसम विज्ञान विभागले भोलि बुधबार देशका सुदूरपश्चिम, लुम्बिनी, मधेश र कोशी प्रदेशका केही जिल्लामा तीव्र हावाहुरी चल्ने सम्भावना रहेको भन्दै सतर्कता अपनाउन आग्रह गरेको छ ।

विभागका अनुसार हावाहुरी १६ वैशाख साँझ ५:४५ बजे सुरु भई १७ वैशाख बिहान ७:४५ बजेसम्म चल्ने सम्भावना रहेको छ । सो अवधिमा सुदूरपश्चिम प्रदेशका डडेलधुरा र डोटी, लुम्बिनी प्रदेशका बर्दिया, बाँके, दाङ र अर्घाखाँची, मधेश प्रदेशका धनुषा र बारा तथा कोशी प्रदेशका मोरङ र आसपासका जिल्लामा बढी प्रभाव पर्ने अनुमान गरिएको छ ।

त्यसैगरी मेघगर्जन, चट्याङ र असिनासहित वर्षा हुने प्रणाली पश्चिमबाट पूर्वतर्फ सर्ने भएकाले देशभर नै मौसम प्रभावित हुने सम्भावना रहेको विभागले जनाएको छ ।

मौसमविद्हरूका अनुसार हाल नेपालको पूर्वी र पश्चिमी भूभागमा रहेका प्रिमनसुन प्रणाली आपसमा मिसिँदा मौसम अस्थिर बनेको हो । ती प्रणालीमा स्थानीय प्रभाव समेत थपिँदा केही क्षेत्रमा भारी वर्षा र जोखिम बढेको बताइएको छ । मौसमविद् उज्वल उपाध्याय का अनुसार आज रातिदेखि वर्षाको मात्रा र क्षेत्र दुवै बढ्ने सम्भावना छ भने बुधबार बढी वर्षा हुन सक्छ । उहाँले काठमाडौं उपत्यका र आसपासका क्षेत्रसहित पूर्वी नेपालका धेरै भागमा प्रभाव पर्ने बताउनुभयो ।

विभागले यात्रामा समेत सावधानी अपनाउन आग्रह गरेको छ । विशेषगरी त्रिभुवन राजमार्ग, पृथ्वी राजमार्ग, सिद्धार्थ राजमार्ग, पासाङल्हामु राजमार्ग र बीपी राजमार्गमा मंगलबारदेखि बिहीबारसम्म रातिको समयमा यात्रा नगर्न मौसमविद्हरूले सुझाव दिएका छन् ।

## सिरहामा सीमा क्षेत्रबाट ३ लाख बराबरको सामान बरामद

दैनिक समाचारदाता
सिरहा, १५ वैशाख । सशस्त्र प्रहरीले सिरहा नगरपालिका(१७ पटेर्वास्थित नेपाल(भारत सीमा क्षेत्रबाट करिब तीन लाख मूल्य बराको सामग्री बरामद गरेको छ।

सशस्त्र प्रहरी बल नं. ७ गण अन्तर्गत सीमा सुरक्षा गुल्म मुख्यालय माडरबाट खटिएको टोलीले नेपालबाट भारततर्फ र भारतबाट नेपालतर्फ ओसारपसार गर्दै गरेका सामानहरु अवैध भन्दै नियन्त्रणमा लिएको हो ।



सशस्त्रका अनुसार २ लाख ५० हजार बराबरको स. ८ प १२३४ नम्बरको नेपाली मोटरसाइकल, २० हजार बराबरको मदिरा र २५ हजार २८५ रुपैयाँ बराबरको विभिन्न पेय पदार्थसहितका सामग्री नियन्त्रणमा लिएको छ ।

बरामद सामानलाई आवश्यक प्रक्रिया पूरा गरी भन्सार कार्यालय बुझाएको सशस्त्र प्रहरी बल सिरहाका एसपी सुमनजंग थापाले जनाएको छ ।

भारतबाट १०० सय रुपैयाँ बराबरको समान ल्याए अनिवार्य भन्सार लाग्ने व्यवस्था गरेसँगै सशस्त्र प्रहरीले सिमानाकामा कडाइ गरेको छ ।

## वीरगञ्ज नाका हुँदै तीन अर्बको विद्युतीय सवारीसाधन आयात

पर्सा, १५ वैशाख । चालु आर्थिक वर्षको नौ महिनामा वीरगञ्ज नाका हुँदै दुई अर्ब ९८ करोड रुपैयाँको विद्युतीय सवारीसाधन आयात गरिएको छ ।

गत आर्थिक वर्षको सोही अवधिको तुलनामा चालु आवमा विद्युतीय सवारीसाधन १०२ प्रतिशत अर्थात् एक अर्ब ५० करोड रुपैयाँ बढीको आयात भएको हो ।

वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टले चालु आर्थिक वर्षको नौ महिनामा विद्युतीय सवारीसाधन आयात शतप्रतिशतले वृद्धि भएको बताउनुभयो । गत आवको नौ महिनामा एक अर्ब ४८ करोड रुपैयाँको विद्युतीय सवारीसाधन आयात भएको थियो ।

चालु आवको नौ महिनामा एक अर्ब ४६ करोड रुपैयाँको ४९३


बाँकी पृष्ठ४ मा


## सुनको सिक्री लुट्ने गिरोहका ५ जना पक्राउ

दैनिक समाचारदाता
काठमाडौं, १५ वैशाख । सुनको सिक्री लुट्ने गिरोहका पाँच जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा नुवाकोटको ककनी नगरपालिका(३ का २१ वर्षीय सविन तामाङ, सोही ठाउँका २६ वर्षीय विमल तामाङ, सोही ठाउँका २१ वर्षीय सुजन तामाङ, नुवाकोटको विदुर नगरपालिका घर भएका ४४ वर्षीय सतिस अमातय र सोलुखुम्बु घर भएका १९ वर्षीय रितिका माझी छन् ।

गत चैत १२ गते मातातीर्थस्थित फन पार्कमा हिँडिरहेका बेला मोटरसाइकलमा आएका २ जनाले एक महिलाको गलाको सिक्री थुतेर फरार भएका थिए ।

१९ चैतमा नैकापमा हिँडिरहेकी ७० वर्षीया महिलाको गलाको सिक्री थुतेर एउटा समूह फरार भएको थियो ।

६ वैशाखमा चन्द्रागिरीमा हिँडिरहेको अवस्थामा मोटरसाइकलमा आएको समूहले एक महिलाको सिक्री थुतेको थियो ।

अहिले पक्राउ परेका समूह यही सिक्री थुत्नेमा संलग्न रहेको प्रहरीले बताएको छ । उनीहरूलाई काठमाडौं पैयुँटारबाट प्रहरी वृत्त थानकोटको टोलीले पक्राउ गरेको हो ।

उनीहरूको साथबाट १२.९० ग्राम सुन, ठूलो रेन्ची, सानो रेन्ची, खुकुरी, पेचकस समेत बरामद भएको छ ।

## नेकपाद्वारा वाम एकताको आह्वान

दैनिक समाचारदाता
काठमाडौं १५ वैशाख । नेपाली कम्युनिस्ट पार्टी (नेकपा) ले वाम एकतामार्फत् कम्युनिस्ट आन्दोलनको पुनर्गठनको आह्वान गरेको छ ।मंगलबार पार्टी मुख्यालय पेरिसडाँडामा बसेको केन्द्रीय कार्यसंयोजन समितिको बैठकले संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षाका लागि सम्पूर्ण देशभक्त शक्तिहरूलाई एकजुट हुन र वाम एकतामार्फत कम्युनिस्ट आन्दोलनको पुनर्गठन गर्न आह्वान गरेको हो ।

कम्यनिस्ट पार्टीहरू निकै साँघुरो गरी खुम्चिएको अवस्थामा नेकपाले कम्युनिस्ट एकताको प्रस्ताव अघि बढाएको हो ।

बैठकले देशको राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता, भौगोलिक अखण्डता एवं संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा र सुदृढीकरणका लागि एकजुट भएर अगाडि बढ्न पनि नेकपाले सम्पूर्ण देशभक्त र लोकतान्त्रिक शक्तिहरूलाई आह्वान गरेको छ ।



## स्वच्छ शहर: स्वस्थ शहर

- धेरै धुवाँ निकाल्ने सवारीसाधनको प्रयोग नगरौं,
- सवारीसाधनको समय-समयमा मर्मतसम्भार गरौं,
- तोकिएको ठाउँमा मात्रै फोहोर फालौं,
- करेसाबारी, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षरोपण गरौं,
- सार्वजनिक स्थलका बोटबिरुवा तथा फूलफूलको संरक्षण गरौं,
- स्वच्छ पानी र सरसफाइमा ध्यान दिऔं,
- ध्वनि र वायु प्रदूषण घटाऔं,
- सडकको समय-समयमा मर्मतसम्भार गरौं,
- सडकमा निर्माण सामग्री नराखौं,
- शहरलाई सफा राखौं: सुन्दर बनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड




## अब अनलाइनबाट बुकिङ्गको सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्गको लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका
वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका
वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020



## सम्पादकीय

# १४ वर्षदेखि अधुरो कमला पुल विकासको लाजमर्दो चित्र

सिरहा र धनुषालाई जोड्ने कमला नदी पुल नजिकको अस्थायी बाँध फेरि भत्किएको घटना केवल एक सामान्य प्राविधिक समस्या होइन, यो नेपालको विकास निर्माणको कमजोर संस्कार, राजनीतिक उदासीनता र प्रशासनिक असक्षमताको ज्वलन्त उदाहरण हो। वर्षौंदेखि निर्माणाधीन अवस्थामा रहेको पुलका कारण स्थानीय नागरिकले भोग्दै आएको सास्ती फेरि एकपटक सतहमा आएको छ। अस्थायी बाँध बाढीले बगाउँदा सयौं सवारीसाधन बीच बाटोमै अलपत्र पर्नु र स्थानीयवासीले उद्धार गर्नुपर्ने अवस्था सिर्जना हुनु राज्य संयन्त्रकै असफलता हो।

कमला नदीमाथिको यो पुल हुलाकी राजमार्गअन्तर्गतको महत्वपूर्ण पूर्वाधार हो। तर २०६८ सालमा ठेक्का सम्झौता भएको पुल १४ वर्ष बितिसक्दा पनि सम्पन्न हुन नसक्नु अत्यन्त दुःखद र लज्जास्पद विषय हो। २०७१ सालमै निर्माण सम्पन्न हुनुपर्ने पुल सात-सात पटक म्याद थप गर्दा पनि अन्तिम निष्कर्षमा पुग्न नसक्नुले निर्माण प्रणालीभित्र गहिरो विकृति रहेको स्पष्ट देखाउँछ।

नेपालमा विकास आयोजनाहरू समयमै सम्पन्न नहुने रोग पुरानै हो। ठेक्का लिएर वर्षौं काम नगर्ने, म्याद थप्दै जाने, गुणस्तरहीन निर्माण गर्ने र अन्ततः नागरिकलाई दुःख दिने प्रवृत्ति सामान्यजस्तै बनेको छ। कमला पुल त्यसैको अर्को प्रतिनिधि उदाहरण बनेको छ। अझ विडम्बना त के छ भने निर्माणाधीन अवस्थामै २०७८ सालको बाढीले पुलका जग भासिनु र स्ल्याबमा क्षति पुग्नुले प्राविधिक गुणस्तरमाथि पनि गम्भीर प्रश्न उठाएको छ।

हरेक वर्ष वर्षायाम आउँदा स्थानीयवासी त्रासमा बस्न बाध्य छन्। कहिले डाइभर्सन बग्छ, कहिले बाँध भत्किन्छ, कहिले यातायात अवरुद्ध हुन्छ। विकास निर्माण नागरिकको सुविधा र सहजताका लागि गरिने हो, तर यहाँ त विकासकै नाममा नागरिकले दुःख पाइरहेका छन्। राज्यले जनतालाई सुरक्षित र भरपर्दो पूर्वाधार दिनुपर्ने हो, अस्थायी माटोको बाँधको भरमा जोखिमपूर्ण यात्रा गर्न बाध्य बनाउने होइन।

यस घटनाले अर्को गम्भीर प्रश्न पनि उठाएको छ। आखिर विकास आयोजनामा जवाफदेहिता कसको ? निर्माण कम्पनीले समयमै काम नगर्दा वा गुणस्तरहीन काम गर्दा उसलाई के कारबाही भयो ? सात पटकसम्म म्याद थप्ने निकायले आफ्नो जिम्मेवारी कति बहन गऱ्यो ? जनताको करबाट सञ्चालित आयोजनामा ढिलासुस्ती हुँदा त्यसको मूल्य आखिर जनताले नै किन चुकाइरहनुपर्ने ?

राजनीतिक नेतृत्व पनि यसमा उत्तिकै जिम्मेवार छ। निर्वाचनका बेला विकासका ठूला सपना बाँड्ने नेताहरू वर्षौंदेखि अलपत्र आयोजनाको समाधानमा गम्भीर देखिएका छैनन्। अहिले फेरि समस्या चर्किएपछि बैठक बस्ने र दीर्घकालीन समाधान खोज्ने कुरा गरिँदैछ। तर यस्ता बैठक र आश्वासनले मात्रै नागरिकको समस्या समाधान हुँदैन। आवश्यक कुरा भनेको तत्काल प्रभावकारी काम र स्पष्ट समयसीमा हो। कमला पुल केवल एउटा पुल होइन, यो मधेशको विकास, आवागमन, व्यापार र नागरिक जीवनसँग प्रत्यक्ष जोडिएको संरचना हो। यसलाई अझै लामो समय अल्झाइराख्नु भनेको राज्यप्रतिको जनविश्वास थप कमजोर बनाउनु हो। अब पनि सम्बन्धित निकाय, निर्माण कम्पनी र राजनीतिक नेतृत्व गम्भीर नभए यस्तो ढिलासुस्ती र अव्यवस्थाले भविष्यमा अझ ठूलो दुर्घटना निम्त्याउन सक्छ। त्यसैले सरकारले अब अस्थायी टालटुलको नीति त्यागेर कमला पुल निर्माणलाई उच्च प्राथमिकतामा राख्नुपर्छ। निर्माणकार्यको स्पष्ट कार्ययोजना, नियमित अनुगमन, गुणस्तरीय काम र कडा जवाफदेहितामार्फत मात्रै नागरिकले वर्षौंदेखिको सास्तीबाट मुक्ति पाउन सक्छन्। अन्यथा, कमला पुल नेपालको अधुरा विकास आयोजनाको अर्को कालो इतिहास बनेर रहनेछ।

# श्रमको सम्मानविहीनता र राज्यको बेवास्ता




चन्देश्वर सादा

जनकपुरधाम। मुसहरका आर्थिक, सामाजिक, शैक्षिक, राजनीतिक तथा समाजिक न्यायका अवस्था धेरै दैनिय रहेको छ। श्रमजीवी भएको कारण पिढीदर पिढि आफ्नो अस्तित्व बचाउने कार्य गर्दै आईरहेको छ। तर पनि स्थिति आज पनि समाजिक एवं सरकारका अपहेल्ना तथा उपेक्षाले गर्दा दुःखदायी बनेका छन्। श्रममा भरोसा तथा विश्वास छ यधपी वहांहरु श्रम शोषणका विरोधी छन्। यसको प्रमाण दीनाभद्री लोकगाथावाट नै लिन सकिन्छ। मुसहर द्रविड वंशका हुन्। वहाँहरुको आफ्नो भेष, भूषा तथा भाषालोप भईसकेको छ। पूर्णरुपमा सुकुम्बासी भएकोमा मुख्यरुपमा श्रममा अश्रित रहने गरेको हुंदा कामका खोजीको शिलशिलमा विभिन्न भू-भागमा अस्थायीरुपमा जाने गरेकोमा त्यहिका स्थानिय भेष, भूषा तथा भाषालाई अंङ्गिार गर्नु पर्ने बाध्यतावाट रहेको छ।

यस सन्दर्भमा कुक (द कास्ट सिस्टम आंफ नादर्न इंडिया, सन् १९०८ ई.), हंटर (स्टेटिकल रिर्पोट मना१३) आदिमा अलग अलग मत राखेका छन्। भारतको बाबू विमलाचरणको प्रशासनिक प्रतिवेदन (१८७२-७३ ई.) को प्रतिवेदन अनुसार बिहार (संयुक्त) मुसहर र रजवार आफ्नो वंशानुक्रम तुल्सीबीर र कम्मा आमावाट आएको मान्दछ। बिहार गयाको मेवड पहाडलाई मूल थलो मान्दछ। तुल्सीवीरको दुईवटा छोरा थियो। एउटाको नाम मधुवीर र अर्कोको नाम रघुवीर थियो। मुसहर आफुलाई मधुवीरका सन्तान र रजवार रघुवीरका सन्तान मान्दछ। गंगा नदीको उतरपट्टि बसोवास गर्नेले तिरहुतिया र दक्षिणपट्टि बसोबास गर्नेले मगहिया मुसहर कहलाउंदै आएका इतिहासले जनाएको छ।आज मुसहर र रजवारमा कुनै किसिमका जातीय तालमेल छैन्। वहांहरु मनुवादका चपेटामा परेर अर्थात ब्राम्हणको कुविचारका जालमा पसेर एक अर्काको छोएको पनि खादैन्। नेपालमा विक्रम सम्वत् २०७८ को जनगणना अनुसार मुसहर पुरुषको जनसंख्या १,३०,९१५ र महिलाको जनसंख्या १,३४,०५९ रहेको छ। यर्थाथ कुल जनसंख्या २, ६४, ९७४ रहेकोमा नेपालको कुल जनसंख्याको लगभग ०.९ प्रतिशत रहेको छ। तर मुसहर जातका अगुवाहरूले उक्त परिमाण गलत भएको आफ्नो अडान राख्दै आइरहेका छन्। मुसहर बहुत परिश्रमी हुन्छ। वहांहरु माटो काट्न (खन्न) र माटो ढुवानी गर्न तथा जति सुकै बांझो जग्गा खन्न शिपालु हुन्छ। धानको खेतीसंग यिनीहरुको लगाव धेरै हुन्छ। तथापि वहाँहरु घरमा बर्षभरीका खाने अन्न हुदैन्। यस समुदायका दशा दुरदशा ब्राम्हणवादी व्यवस्थाका प्रतिफल हो। विगतमा वहाँलाई विभिन्न प्रकारका शैक्षिक, राजनीतिक, आर्थिक तथा समाजिकरुपमा प्रतिबन्ध लगाई निर्धन एवं शक्ति बिहिन बनाएको इतिहास ताजै छन्।

नेपालमा विभेदमा परेका अर्थात अमानविय जीवन व्यतित गर्दै आईरहेका मुसहर, पासवान, ढोम, हलखोर, खत्वे, पासी, तत्मा, बातर, मुसमान, कामी, दमाई, विश्वकर्मा, वादी, ढागर, पथ्थर कट्टा लगायतका जातजातिहरु छन्। त्यस मध्ये मुख्यरुपमा मुसहर जाति सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिक, सामाजकि न्याय तथा बन्धूत्व भाईचरा सम्पुर्ण पक्षमा निन्दनिय अवस्थामा रहि जीवन आपन गर्दै आईरहेकोछ। विश्वको सर्वोच्च शिखर सगरमाथाको गौरवमय काखमा सुशज्जित हाम्रो देशको विधमान सामाजिक, आर्थिक, शैक्षिक तथा सांस्कृतिक विषमता र पछौटेपन जस्तो कुरितिले सामाजिक र उन्नति अवरोध अवस्था कायमै छ। संघिय लोकतान्त्रिक गणतन्त्र पद्धति भएको सवैधानिक व्यवस्थाको मूल तत्व समानता, समता, स्वतन्त्रता र भातृत्व हो। मुसहरहरु उक्त प्रवधानवाट विमुख भएको हुंदा समानत, स्वतन्त्रता, भातृत्व, उचित शिक्षा, स्वास्थ्य तथा जनविकासको सुरक्षाक विभेद र अभावमा आजसम्म पनि कष्टकर जीवन व्यतित गर्दै आएकोछ।

नेपालमा राणाकाल देखि नै राज्यद्वारा सामाजमा अति पछाडी परेका तथा पारिएका मुसहर दलित समुदाय भित्रकै सवै भन्दा आर्थिक अवस्था कमजोर , शैक्षिक स्तर न्यून, समाजिकरुपमा बहिष्कृत र राजनैतिक रुपामा असचेत तथा बंन्चित भन्नु पर्दा असान्दर्भिक नहोला। मुसहर पछौटेपनका मुख्य कारणहरुमा सामाजमा छुवाछुतको प्रभाव, सामाजिक न्यायमा विभेद, गरिबी, शिक्षाको अभाव, मादक पदार्थको सेवन, जातीय हिनताबोध, राष्ट्रिय नितिको अभाव, धन सन्चय गर्ने बानीको अभाव, संगठनको अभाव, बाहिरी शोषण, मुख्यरुपमा योजना आयोगको लापरवाही र राजनीतिक दलहरुको बैमानी आदि रहेकोछ।

मुसहरवाट अरु समुदायको घर आंगन, पानी, खाना, चुल्हो समेत छुवाउने कुप्रथा चलन २१ औं शताब्दीसम्म आईपुग्दा पनि कायमै रहेकोछ। सनातन धर्म सांस्कृतिको आधार बनाई कथाकथित उच्च समुदायका व्यक्तिहरुवाट हालसम्म अप्रत्यक्षरुपमा अवैज्ञानिक प्रथालाई यथावत सामाजमा हालसम्म कायमै राखेकोमा विभिन्न जिल्लामा छुवाछुतको आधारमा घटना पटक पटक भएकोवाट स्पष्ट हुन् आउंछ। जबकी मौलिक हकअधिकारको महलमा उल्लेख भए बमोजिम कुनै पनि मानवलाई जात, लिङ्ग, रंग, वर्ण आदिको आधारमा विभेद गर्न नपाईने उल्लेख भएको पाईन्छ। तर नेपालमा विभिन्न पार्टि, संघ, संस्था र नेपाल सरकारले विभेद तथा छुवाछुत सम्वन्धि नियम कानुन, ठुलठुला योजना तथा ५ तारे होटलमा परिवर्तन र न्युनिकरणको प्रगति, सेमिनार, चर्चा आजको मुसहरलगायत सम्पूर्ण दलितको अवस्थालाई विश्लेषण गर्दा ढोक्सला मात्र भएको भन्नुपर्दा अनुपयुक्त नहोला।

विश्वमा श्रम गर्नेहरुले उचित मानसम्मान तथा उचित ज्याला प्राप्त गर्दै आईरहेको सन्दर्भमा खास गरेर एशिया र दक्षिण एशिया ठ्याकै उल्टो चलन वा भनौं परोपाटी रहेको पाएकोछ। जस्तै : खेतमा बाली लगाउने देखि लिएर वाली काट्ने थन्काउने सम्मको कार्य गरिब मजदुरले गर्छ तर त्यसैको घरमा अन्न हुदैन्। जुत्ता बनाउने तथा सिउने काम मजदुरले गर्छ तर त्यसैको खुट्टा नांगो हुन्छ। सिरक तकिया मजदुरले सिउछन् तर त्यसैले सिरक तकिया प्रयोग गर्न पाउदैन्। ठुलठुला पक्की घर मजदुरले बनाउंछ तर त्यही व्यक्ति पक्की घरमा कहिले पनि सुत्न पाउदैन्। अस्पताल गरिबले बनाउंछ तर त्यसैले ईलाज गराउनं पाउदैन्। बिधालयको निर्माण गरिब मजदुरले गर्छ तर त्यसैको छोराछोरी स्कूल पढनवाट बन्चित हुन्छ। लुगा सिउने काम गरिब मजदुरले गर्छ तर त्यसैको जिउ नांगो हुन्छ। नेपालभरीमा कृषि योग्य जमीनको खनजोत तथा तयारी गरिब मजदुरले गरेका थिए तर त्यहि व्यक्तिहरु आज सुकुमवासी भएर कष्टकर जीवन विताउंन बाध्य छन्। भैंसी, गाई पालन गरिब मजदुर झोपरीवालाले गरेकोछ तर दुध, घ्यू, मखन महलवालाले खाईरहेको हुन्छ। अरुको परिचय निमार्ण गर्छन् तर आफ्नो परिचयगुमाउदै जान्छन्। दलितलाई पैदाईसी अछुत बनाएको हुदाँ प्रगतिका सम्पूर्ण बाटो बन्द गरीदिएको छ।

गरीब को हो ?

- राजनीतिक, नागरिक, सामाजिक, आर्थिक र समय सापेक्ष सांस्कृतिक अधिकार उलघंन या अस्विकार गरिएको वा गराएको व्यक्ति गरिब हुन्।

***गरीबी के छ ?***

- राजनीतिक, नागरिक, सामाजिक अधिकार, सांस्कृतिक अधिकार हनन् भएवाट उत्पन्न परिमाणका असर / अवस्था नै गरीबी हो।

तसर्थ हालको सरकारले मुसहर लगायतका अन्य दलितहरुको उत्थानका लागि ठोस -ठोस कदम चाल्नु आजको अपरिहार्य आवश्यकता भएको छ।

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला।

वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ।

धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ।

मीन : तपाईंका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

### साापटी लगेको पैसा फिर्ता नगर्ने व्यक्तिले
# देखाउँछन् यी ५ शारीरिक संकेत

हामी प्रायः चिनजानका व्यक्ति वा आफन्तहरूले कुनै समस्या देखाएर माग्दा पैसा सापटी दिने गर्छौं । आवश्यक पर्दा हामी पनि लिन्छौं । यो स्वभाविक हो । आखिर लेनदेन र एक-अर्कालाई गर्ने सहयोग नै मानव समुदायको अमूल्य विशेषता हो ।

समस्या त्यतिखेर आउँछ जब सापटी लगेको पैसा फिर्ता मागिन्छ । सापटी लगेको पैसा फिर्ता मागेकै कारण आफन्त वा नजिकको साथीसँग सम्बन्ध बिग्रिएको अनुभव प्राय धेरैसँग हुन्छ ।

हामीमध्ये धेरैजसो आफ्नै पैसा माग्न पनि हिचकिचाउँछौं । हामीलाई के भन्ने र के नभन्ने भन्ने थाहा हुँदैन । यस्तो अवस्थामा, हामी केवल त्यो व्यक्तिले फिर्ता गर्नेछ भन्ने आशा गर्छौं । बरू त्यो व्यक्तिलाई सापटी दिएकोमा पश्चाताप गरेर बसिरहेका हुन्छौं ।

पैसा फिर्ता नगर्ने मान्छेले त्यसका लागि अनेक बहाना बनाइरहेको हुन्छ । हामी त्यसलाई विश्वास गरेर कुनै कडा कदम चाल्न पनि हिचकिचाइरहेका हुन्छौं ।



एक दिन पक्कै देला भनेर हामी विश्वास गरिरहेका हुन्छौं । तर पैसा फिर्ता नदिने व्यक्तिले अनुहारका भाव र केही शारीरिक हाउभाउले संकेत गरिरहेको हुन्छ । त्यो कुरा हामीलाई थाहा भइरहेको हुँदैन ।

सापटी फिर्ता मागिरहेका बेला अर्थात यसको विषयमा कुरा गरिरहेका बेला उनीहरूले केही शारीरिक संकेत तथा हाउभाउ देखाइरहेका हुन्छन् ।

*१.आँखा यताउता घुमिरहनु*

अनुहारले व्यक्तिको भावना मात्र होइन, उसको मनसाय पनि प्रकट गर्छ । त्यसैले, जब तपाईं कसैलाई पैसा सापटी दिनुहुन्छ र फिर्ता माग्नुहुन्छ, उसको आँखा हेर्नुहोस् । तपाईंले सम्भवतः उसको आँखा घुमिरहेको र असुविधाको संकेत देख्नुहुनेछ । ऋण तिर्न चाहनेहरूले शान्त र संयम भाव देखाउनेछन् ।

*२.कसिएको ओठ*

तपाईंले पैसा सापटी दिइरहनुभएको व्यक्तिलाई कहिले फिर्ता गर्नुहुन्छ ? भनेर सोध्नुहोस् अनि उनीहरूको ओठ हेर्नुहोस् । पैसा फिर्ता गर्न नचाहने व्यक्तिको ओठ कसिएको हुन्छ । यसले आन्तरिक प्रतिरोधलाई संकेत गर्दछ ।

*३.बारम्बार घाँटी वा अनुहार छुने*

जब तपाईं कसैसँग पैसा सापटी दिने बारेमा कुरा गर्दै हुनुहुन्छ भने कुनै न कुनै दिन त्यो पैसा फिर्ता गर्ने बारेमा पक्कै कुरा हुन्छ नै । त्यो समय पैसा सापटफ माग्ने व्यक्तिमा ध्यान दिनुहोस् ।

यदि तिनीहरूले बारम्बार आफ्नो अनुहार, नाक, चिउँडो वा घाँटी छुने गर्छन् भने, यो तनावको संकेत हो । यसले पैसा फिर्ता गर्नुपर्ने कुरा सोच्दा त्यो व्यक्तिले धेरै तनाव महसुस गर्छ भन्ने संकेत गरिरहेको हुन्छ ।

*४. बनावटी मुस्कान*

यदि कसैले पैसा फिर्ता गर्ने वाचा गर्छ, तर उनीहरूको मुस्कान जबरजस्ती वा नक्कली देखिन्छ भने, तिनीहरूले तपाईंको पैसा फिर्ता नगर्न सक्छन् ।

त्यो व्यक्तिले बाहिर प्रकट गरिरहेको अभिव्यक्ति र यसको भित्री मनसाय मेल खाँदैन भन्ने कुरा यसको बनावटी मुस्कानबाट संकेत मिल्छ ।

*५.सबै कुरा अति गर्नु*

कोही व्यक्तिले जे कुरामा पनि सहमति जनाउँछ र त्यसलाई नकार्न सक्दैन भने पनि त्यो पैसा फिर्ता नगर्ने व्यक्तिको संकेत हुन सक्छ । जे भने पनि हस्, हुन्छ मात्रै भन्ने व्यक्तिले पछि आउने परिस्थितिबारे खासै ध्यान दिएको हुँदैन । उ अहिले तपाईंलाई खुसी बनाएर फाइदा लिनेमा मात्रै उसको ध्यान केन्द्रित भएको हुन्छ । पैसा फिर्ता गर्ने वा सबै कुरामा हो भन्नुपर्दा धेरै टाउको हल्लाउनु तपाईंलाई मनाउने प्रयास हुन सक्छ।

*पैसा फिर्ता पाउन के-के गर्ने ?*

- यदि तपाईं कसैलाई पैसा सापटी वा उधारो दिँदै हुनुहुन्छ भने उसको पृष्ठभूमि र तिर्ने आधारबारे स्पस्ट हुनुहोस् ।
- सम्भव छ भने यसअघि उसले कारोबार गरेका व्यक्तिहरूसँग बुझ्नु राम्रो हुन्छ ।
- यदि रकम ठूलो छ भने कागज बनाएर मात्रै सापटी दिनु बुद्धिमानी हुन्छ ।
- पैसा दिँदा शर्त र समयसीमालाई स्पस्ट पार्नुहोस् ।
- यदि त्यो व्यक्तिले तिर्न आनाकानी गर्‍यो भने यो तरिकाले भए पनि उठाउँछु भनेर वैकल्पिक उपायबारे सोचेर मात्रै सापटी दिनुहोस् ।

ध्यान राख्नुहोस पैसा सापटी दिँदा प्रायः सम्बन्धहरू सुधार गर्नुको सट्टा बिग्रिन्छ, त्यसैले सबै कुरा स्पस्ट भएर मात्रै कसैलाई सापटी दिनुहोस् ।

## तेलको भाउ ११० डलरमाथि उक्लियो



एजेन्सी

लन्डन १५वैशाख । विश्व बजारमा कच्चा तेलको मूल्य तीन हप्तापछि पहिलो पटक प्रति ब्यारेल ११० डलर नाघेको छ ।

अमेरिका र इरानबीच जारी द्वन्द्व अन्त्य गर्ने सम्झौता अझै टुंगोमा नपुगेको आशंकाले बजारमा चिन्ता बढेपछि मूल्य उकालो लागेको हो ।

तेलको अन्तरराष्टिय बेन्चमार्क ब्रेन्ट क्रुड मंगलबार बिहानको कारोबारमा २ दशमलव ७ प्रतिशतले बढेर प्रति ब्यारेल १११ डलर २ सेन्टमा पुगेको छ । त्यस्तै अमेरिकी बेन्चमाकए वेष्ट टेक्सास इन्टरमिडियट (डब्ल्यूटीआई) पनि २ दशमलव ३ प्रतिशतको वृद्धिसहित ९८ डलर ५ सेन्ट कायम भएको थियो ।

अमेरिकी राष्टपति डोनाल्ड ट्रम्पले सोमबार इरानको पछिल्लो प्रस्ताव स्वीकार गर्ने सम्भावना कम रहेको संकेत दिएका थिए । उक्त प्रस्तावमा स्टेट अफ होर्मुज पुनः खोल्ने कुरा उल्लेख भए पनि इरानको आणविक कार्यक्रमबारे निर्णय पछि गर्ने भनिएको छ ।

अमेरिकी लगानी बैंक जेफ्रीजका प्रमुख युरोपेली अर्थशास्त्री मोहित कुमारका अनुसार, संकट लम्बिँदै जानु र स्टेट अफ हर्मुज बन्द रहनुले तेल बजारमा नकारात्मक असर परिरहेको हो । जति लामो समयसम्म स्टेट बन्द रहन्छ, त्यति नै विश्व अर्थतन्त्रमा नकारात्मक प्रभाव पर्ने उनको भनाइ छ ।

## ड्रोन आक्रमणपछि रुसको रिफाइनरीमा ठूलो आगलागी

एजेन्सी

मस्को १५ वैशाख । युक्रेनले गरेको ड्रोन आक्रमणले रुसको तुआप्से तेल रिफाइनरीमा भएको ठूलो आगलागी भएको छ, जसका कारण नजिकका भवनहरू खाली गरिएका छन् ।

स्थानीय अधिकारीहरूले मंगलबार घटनाबारे जानकारी दिएका हुन् । यो रिफाइनरी रुसी ऊर्जा कम्पनी रोसनेफ्टद्वारा सञ्चालित थियो । यहाँ मुख्य रूपमा निर्यातका लागि तेल उत्पादन हुन्थ्यो । उद्योग स्रोतका अनुसार यसले अप्रिल १६ मा ड्रोन आक्रमणपछि नै सञ्चालन रोकेको थियो ।

क्षेत्रीय गभर्नर भेनियामिन कोन्ड्राटिभले टेलिग्राममार्फत रिफाइनरीमा ड्रोन आक्रमणपछि ठूलो आगलागी भएको पुष्टि गरेका छन् । तुआप्से जिल्लाका प्रमुख सर्गेई बोयकोले आगो फैलिने जोखिमका कारण रिफाइनरी नजिकका सडकहरू खाली गर्न आदेश दिएका छन् ।

यसअघि पनि सोही क्षेत्रमा भएको आक्रमणले समुद्रमा तेल चुहावट भएको थियो । यसबाट सुरु भएको आगो निभाउन धेरै दिनसम्म पनि सकिएको थिएन । आगलागीबाट बनेका कणहरू वर्षासँग मिसिएर टर्मिनल आसपास कालो तह बनेको रिपोर्ट आएपछि स्थानीय प्रशासनले बासिन्दालाई घरभित्र बस्न, झ्याल बन्द राख्न र सतह सफा गर्न समेत आग्रह गरेको थियो ।

तुआप्से रिफाइनरीको वार्षिक उत्पादन क्षमता करिब १ करोड २० लाख मेट्रिक टन छ। यसले नेफ्था, डिजेल, इन्धन तेल र अन्य पेट्रोलियमहरू बनाउँछ ।

# किन देखिन्छ डरलाग्दो सपना ?

कतिपय समय तपाईंहरूमध्ये धेरैको डरले छटपटिएर निद्रा खुल्छ। दिनभर सपनाको कुराले बेचैन बनाउँछ। कैयौं पटक त त्यो नमीठो सपना पटक-पटक दोहोरिन्छ। कतिपय सपना बिर्सिन्छ भने कतिपय नमीठो सपना बारम्बार आइरहन्छन्। डरलाग्दो सपना देखिनुमा मानसिक र शारीरिक दुवै कारणहरू हुन सक्छन्।

सिनियर कन्सल्टेन्ट साइक्याट्रिस्ट डा. बासुदेव कार्कीका अनुसार डरलाग्दो सपना प्रायः मानिसको अवचेतन मनमा रहेका डर, तनाव र अपूर्ण भावनाको प्रतिबिम्ब हो। जब दिनभर दबिएका भावनाहरू व्यक्त हुन पाउँदैनन्, ती सपनामार्फत बाहिर आउँछन्।

पत्क अबलअभच



*किन देखिन्छ डरलाग्दो सपना?*

तनाव र चिन्ताः दैनिक जीवनमा धेरै तनाव भएमा मस्तिष्कले त्यसलाई प्रोसेस गर्न खोज्दा डरलाग्दो सपना देखिन्छ।

डर वा आघातः कुनै दुर्घटना, नराम्रो अनुभव वा बाल्यकालको त्रासदीले पनि बारम्बार डरलाग्दो सपना ल्याउन सक्छ।

अनियमित सुताइः ढिलो सुत्ने, पर्याप्त निद्रा नलिने वा सुत्ने समय परिवर्तन हुँदा पनि यस्तो समस्या आउन सक्छ।

मानसिक स्वास्थ्य समस्याः एन्जाइटी डिसअर्डर वा डिप्रेसन भएका व्यक्तिहरूमा यस्तो सपना बढी देखिन्छ।

खानपान र बानीहरूः राति धेरै भारी खाना, कफी वा मदिरा सेवनले पनि निद्रामा असर पारेर डरलाग्दो सपना ल्याउन सक्छ।

*के गर्ने?*

सुत्नुअघि मोबाइल वा स्क्रिनको प्रयोग कम गर्ने।

ध्यान वा गहिरो सास फेर्ने अभ्यास गर्ने।

नियमित सुत्ने र उठ्ने समय बनाउने।

समस्या गम्भीर भएमा विशेषज्ञ वा मनोवैज्ञानिकसँग सल्लाह लिने।

अन्ततः डरलाग्दो सपना तपाईंको दिमागले केही कुरा समाधान गर्न खोज्दैछ भन्ने सङ्केत पनि हुन सक्छ। यदि यो बारम्बार हुन्छ भने, त्यसको कारण बुझेर समाधान गर्नु नै सबैभन्दा राम्रो उपाय हो।

## उपभोक्ता समितिसँग सम्बन्धित सबै पत्र रद्द

दैनिक समाचारदाता

रौतहट, १५ वैशाख । पर्यटन विकास कार्यालय रौतहटले आर्थिक वर्ष २०८२/०८३ अन्तर्गत स्वीकृत योजनाहरू सञ्चालनका लागि यसअघि विभिन्न उपभोक्ता समितिसँग सम्बन्धित गरी जारी गरिएका सबै पत्र रद्द गरेको छ । कार्यालय प्रमुख बबिता जैसवालका अनुसार यसअघि जारी गरिएका पत्रहरू प्रशासनिक तथा प्राविधिक कारणवश रद्द गरिएको हो । यसअघि निमित्त कार्यालय प्रमुखका रूपमा कार्यरत राजेश काफ्ले र कमलेश कुमार मिश्रले जारी गरेका पत्रहरू पनि रद्द गरिएका छन् ।

कार्यालयले जारी गरेको सूचनामा यसअघि जारी गरिएका पत्रहरू अब मान्य नहुने भएकाले सो सम्बन्धमा कुनै पनि कार्य नगर्न-नगराउन अनुरोध गरिएको छ । आवश्यक परेमा नयाँ प्रक्रिया अनुसार पुनः पत्र जारी गरिने उल्लेख गरिएको छ ।

यसअघि निमित्त कार्यालय प्रमुखहरूले प्रक्रिया नअपनाई हचुवाका भरमा आफ्ना आसेपासेलाई उपभोक्ता समितिसँग सम्बन्धित पत्र बाँडेको आरोप लागेको छ । कार्यालय प्रमुख जैसवाल पदभार ग्रहण गरेको दुई दिन नबित्दै विभिन्न व्यक्तिहरू पुराना पत्र लिएर कार्यालयमा आउने क्रम बढेपछि समस्या देखिएको थियो ।

एउटै योजनाका लागि फरक-फरक व्यक्तिलाई छुट्टाछुट्टै पत्र जारी गरिएको समेत पाइएको छ । दुवै निमित्त कार्यालय प्रमुखको सरुवा भइसकेपछि पुरानो मितिमा जारी गरिएका पत्र कार्यान्वयन नगरी पारदर्शी र प्रक्रियागत रूपमा काम अघि बढाउन स्थानीयस्तरबाट माग उठ्दै आएको थियो ।

कार्यालय प्रमुख जैसवालका अनुसार विभिन्न योजनामा गरिएको टेन्डर सार्वजनिक खरिद ऐनअनुसार प्रक्रियागत रूपमा भएमा रद्द नहुनेछ । विगतका बेथितिको अन्त्य गर्दै प्रक्रियासम्मत कार्य अघि बढाउन कार्यालय प्रमुखले चालेको कदम प्रशंसनीय रहेको स्थानीयको भनाइ छ ।

## वीरगञ्ज.....

वटा विद्युतीय जिप, कार र भ्यान आयात भएको छ । गत आवको सोही अवधिमा ४८ करोड रुपैयाँको १७२ वटा विद्युतीय जिप, कार र भ्यान आयात भएको थियो ।

चालु आवमा ९६ करोड रुपैयाँको सात हजार ३९८ वटा विद्युतीय मोटरसाइकल आयात भएको छ । गत आवको सोही अवधिमा ५५ करोड रुपैयाँको चार हजार २२७ विद्युतीय मोटरसाइकल आयात भएको थियो ।

त्यसैगरी चालु आवको नौ महिनामा ५३ करोड रुपैयाँको चार हजार ६०६ वटा विद्युतीय तीन पाङ्ग्रे सवारीसाधन आयात भएको छ । गत आवको सोही अवधिमा ४५ करोड रुपैयाँको तीन हजार ६९३ वटा विद्युतीय तीन पाङ्ग्रे सवारी आयात भएको थियो । रासस

# प्रधानाध्यापक र लेखापालविरुद्ध ९३ लाखको भ्रष्टाचार मुद्दा दायर

दैनिक समाचारदाता



काठमाडौं १५ वैशाख । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले झापाको दमक नगरपालिका(२ स्थित श्री हिमालय माध्यमिक विद्यालयका प्रधानाध्यापक र लेखापालविरुद्ध करिब ९३ लाख रुपैयाँ भ्रष्टाचार गरेको आरोपमा विशेष अदालतमा मुद्दा दायर गरेको छ।

आयोगका अनुसार विद्यालयका प्रधानाध्यापक ओमप्रसाद उपाध्याय आचार्य र लेखापाल दयासागर आचार्यले विद्यालय भवन निर्माणका क्रममा झुट्टा बिल भर्पाई बनाएर सरकारी रकम हिनामिना गरेको देखिएपछि मंगलबार मुद्दा दायर गरिएको हो। भवन निर्माणको प्राविधिक मूल्यांकनभन्दा ५९ लाख २६ हजार ६ सय ८६ रुपैयाँ बढी भुक्तानी लिएर उनीहरूले अनियमितता गरेको अख्तियारको भनाइ छ ।

भवन निर्माण बाहेक प्रधानाध्यापक र लेखापालको आपसी मिलेमतोमा आर्थिक वर्ष २०७७/७८ देखिकै नगद मौज्दात हिनामिना गरेको समेत अनुसन्धानबाट खुलेको छ। उनीहरूले १६ लाख ६० हजार १ सय १ रुपैयाँ बेरुजु राखेको र १७ लाख ९६ हजार ५ सय २१ रुपैयाँ विद्यालयको नगद रकम व्यक्तिगत प्रयोगमा ल्याएको अख्तियारले जनाएको छ।

अख्तियारले दुवै प्रतिवादीबाट कुल ९३ लाख ८३ हजार ३ सय ९ रुपैयाँ ७२ पैसा बिगो दाबी गरेको छ। उनीहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम कैद सजाय र बिगो बमोजिम जरिवाना गरी हिनामिना भएको रकम असुल उपर गर्न मागदाबी लिइएको प्रवक्ता सुरेश न्यौपानेले जानकारी दिए ।

# २ हजार ७४६ जना चालकमाथि ट्राफिक प्रहरीको कारबाही

दैनिक समाचारदाता

काठमाडौं, १५ वैशाख । ट्राफिक प्रहरीले पछिल्लो चौबीस घण्टामा दुई हजार ७४६ वटा सवारीसाधनका चालकलाई कारवाही गरेको छ ।

आज बिहानसम्म काठमाडौं उपत्यकाका विभिन्न स्थानमा ट्राफिक प्रहरीले सञ्चालन गरेको जाँचका क्रममा मादक पदार्थ ( मापसे) सेवन गरी सवारी चलाउने ७९, राइड सेयरिङमा २२५, रातोबत्तीमा १७५, तीव्रगतिमा १४८, लेनक्रसमा ३२४, सडक फुटपाथमा १४९, हर्न निषेधमा ५५, ओराल्ने र चढाउनेमा ५४, अन्यमा एक हजार ५३७ गरी दुई हजार ७४६ जना चालकलाई कारबाही गरिएको ट्राफिक प्रहरी प्रवक्ता एवं प्रहरी उपरीक्षक नरेशराज सुवेदीले राससलाई जानकारी दिए ।

उनले भने, 'बितेको चौबीस घण्टाको अवधिमा उपत्यकामा ट्राफिक नियम उल्लङ्घन गर्ने दुई हजार ७४६ वटा सवारीसाधनका चालकलाई कारबाही गरिएको छ । उक्त कारबाहीबाट जम्मा राजस्व रकम २९ लाख ६४ हजार ५०१ सङ्कलन भएको छ ।'



मादक पदार्थ सेवन गरी सवारी चलाउनु कानुनविपरीत तथा दण्डनीय कार्य भएको र चालकले मादक पदार्थ वा लागुपदार्थ सेवन गरेको शङ्का लागेमा यात्रुले तत्काल नजिकैको प्रहरी कार्यालय, ट्राफिक कन्ट्रोल रूमको हटलाइन नम्बर १०३ र प्रहरीको हटलाइन नम्बर १०० मा खबर गर्न ट्राफिक प्रहरीले आग्रह गरेको छ ।

# सुकुम्बासी विस्थापनमा इन्सेकको आपत्ति

दैनिक समाचारदाता

जनकपुरधाम १५ वैशाख । काठमाडौं उपत्यकाका विभिन्न स्थानबाट सुकुम्बासी बस्ती हटाएर होल्डिङ सेन्टरमा राखिएका नागरिकप्रति मानवोचित व्यवहार गर्न इन्सेकले सरकारसँग आग्रह गरेको छ ।

इन्सेकका अध्यक्ष विजयराज गौतम द्वारा हस्ताक्षरित विज्ञप्तिमा होल्डिङ सेन्टरमा गरिएको अनुगमनका क्रममा बसोबास, सरसफाइ, स्वास्थ्य सेवा, सफा खानेपानी तथा पर्याप्त खानाको अभाव देखिएको उल्लेख गरिएको छ ।

विज्ञप्तिमा बलपूर्वक विस्थापनका कारण प्रभावित समुदायको आवासको अधिकार, रोजगारी तथा जीविकोपार्जनको स्रोत, बालबालिकाको शिक्षा र स्वास्थ्य सेवामा पहुँचमा प्रत्यक्ष असर परेको जनाइएको छ । घर तथा आश्रय गुमाउनु केवल भौतिक क्षति मात्र नभई व्यक्तिको सामाजिक सञ्जाल, सुरक्षा भावना र मानवीय गरिमामा समेत गहिरो चोट पुगेको इन्सेकले जनाएको छ ।

मानवअधिकारकर्मी तथा सरोकारवालाले सुकुम्बासी बस्ती हटाउने कार्यले मानव अधिकार, सामाजिक न्याय र समावेशी विकासका आधारभूत मान्यतामाथि गम्भीर प्रश्न उठाएको बताएका छन् । उनीहरूले नेपालको संविधान तथा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिअन्तर्गत आवास, स्वास्थ्य, शिक्षा, रोजगारी तथा सम्मानजनक जीवनस्तरको अधिकार सुनिश्चित गरिएको उल्लेख गर्दै बलपूर्वक विस्थापन अन्तर्राष्ट्रिय प्रतिबद्धताविपरीत हुने बताएका छन् ।इन्सेकले सरकारसँग बलपूर्वक विस्थापन रोक्न, प्रभावित समुदायसँग समावेशी र समाधानमुखी संवाद गर्न तथा विस्थापित परिवारको सुरक्षित, सम्मानजनक र दिगो पुनर्स्थापना सुनिश्चित गर्न माग गरेको छ । साथै वैकल्पिक आवास, जीविकोपार्जनका अवसर र आधारभूत सेवामा पहुँचको व्यवस्था गर्नुपर्नेमा जोड दिएको छ ।

विज्ञप्तिमार्फत सुकुम्बासी समस्याको दीर्घकालीन र न्यायोचित समाधानका लागि स्पष्ट नीति, कानुनी आधार र संस्थागत संयन्त्र विकास गर्न सरकारको ध्यानाकर्षण गराइएको छ । साथै ज्येष्ठ नागरिक, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा अन्य सीमान्तकृत समुदायको अधिकार, सुरक्षा र विशेष आवश्यकतालाई प्राथमिकतामा राख्न आग्रह गरिएको छ ।

## श्री राजर्षि जनक माध्यमिक विद्यालय

जनकपुरधाम-२१, कुर्था धनुषा

*प्रथम पटक प्रकाशित मिति : २०८३/१/१६ गते*

### शिक्षक आवश्यकता सम्बन्धी सूचना

**१. विज्ञापन नं : ०१/०८२/८३**

(क) पद : शिक्षक
ज) विषय : समाजिक अध्ययन
ग) तह र श्रेणी : मा. शि. तृ.
(घ) दरबन्दीको किसिम : राहत अनुदान
ड) सेवा किसिम : करार
च) सेवा सुविधा : नेपाल सरकारको प्रचलित कानून बमोजिम
छ) पद संख्या : १ (एक)
ज) न्यूनतम शैक्षिक योग्यता : शिक्षा शास्त्र विषयमा स्नातक वा सो सरह परीक्षा उत्तीर्ण गरेको ।
झ) परीक्षा दस्तुर : मा.वि.को लागि रु. २,०००।- (दुई हजार मात्र)

**२. विज्ञापन नं : ०२/०८२/८३**

क) पद : शिक्षक
ख) तह र श्रेणी : प्रा. शि. तृ.
ग) दरबन्दीको किसिम : राहत अनुदान
घ) सेवा किसिम : करार
ङ) सेवा सुविधा : नेपाल सरकारको प्रचलित कानून बमोजिम
च) पद संख्या : १ (एक)
ज) न्यूनतम शैक्षिक योग्यताः शिक्षा शास्त्र विषयमा प्रविणता प्रमापत्र वा सो सरह परीक्षा उत्तीर्ण गरेको ।
झ) उमेर हद : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
ञ) परीक्षा दस्तुर : रु.१५००।- (एक हजार पाँच सय मात्र)

परीक्षा दस्तुर वापतको रकम यस विद्यालयको जनकपुरधाम स्थित नेपाल बैंक लि.सिटी अफिसको च.हि.नं. ००८००१००४६४१८३००००१ मा दाखिला गरेको सक्कलै भाउचर

**आवेदन फारम साथ संलग्न गर्नुपर्ने कागजातहरू**

१) नेपाली नागरिकता प्रमाणपत्रको आफैले प्रमाणित गरेको प्रतिलिपि
२) आफूले प्राप्त गरेको शैक्षिक योग्यता सम्बन्धी प्रमाणपत्रको आफैले प्रमाणित गरेको प्रतिलिपि
३) शिक्षण अध्ययन अनुमति पत्रको प्रमाणित प्रतिलिपि
४) विद्यालयले उपलब्ध गराएको आवेदन फारम
५) दरखास्त फारम बुझाउने अन्तिम मिति : २०८३/१/३० गते
६) परीक्षाको किसिम : लिखित र अन्तरवार्ता
७) पाठ्यक्रम शिक्षक सेवा आयोगले तोके अनुसारको
८) शिक्षक सेवा आयोगकले नियमावली २०५७ (संशोधन सहित)को परिच्छेद ३ को उपनियम ६ को बुँदा घ (९) अनुसारको दरखास्त फारम मात्र स्वीकृत गरिनेछ ।

सम्पर्क मिति : २०८३/१/३१ गते विहान ११ बजे

परीक्षा मिति : लिखित परीक्षाको मिति सम्पर्क मितिको दिन तोकिने छ ।

प्राधानाध्यापक
**दिलिप कुमार लाल दास**

विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com
राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४